# राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६

*(मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

नोटः केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ संवत् २०७५ साल भदौ १ गते देखि प्रारम्भ भए पछि यो ऐन खारेज हुने ।

# राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६

लालमोहर र प्रकाशन मिति
२०४६।६।११

संशोधन गर्ने ऐन

१. न्याय प्रशासन ऐन, २०४८ — २०४८।२।१६

२. दण्ड सजाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ — २०५६।१।१६

प्रमाणीकरण र प्रकाशन मिति

◄ ३ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ — २०६६।१०।७५

२०४६ सालको ऐन नं. १२

⏭...........

राज्य विरुद्धको अपराध र सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपाल ⏭........ को सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवं सम्प्रदायका जनताका बीच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरुसँग मित्रताको सम्बन्ध कायम राख्न राज्य विरुद्ध गरिने अपराध र सजायको सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:

१.१ यस ऐनको नाम "राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन नेपाल ⏭........ भर लागू हुनेछ र नेपाल ⏭....... बाहिर जहाँसुकै रहे बसेको भए तापनि सबै नेपाली नागरिकलाई लागू हुनेछ ।

१.३ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

▼२. ......................

३. राष्ट्र विप्लव :

३.१ कसैले नेपाल ⏭........ को सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद हुनेछ ।

३.२ कसैले आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी नेपाल सरकारलाई पल्टाउने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद वा दश वर्ष कैद `छ ।

---

◄ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▼ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा खारेज ।

३.३ कसैले नेपाल ⏭...... को सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा आघात पर्न सक्ने गरी कुनै विदेशी राज्य वा संगठित शक्तिसँग मिली कुनै प्रकारको षडयन्त्र गरेमा निजलाई जन्म कैद वा दश वर्षसम्म कैद हुनेछ ।

३.४ कसैले उपदफा ३.१ वा ३.२ अन्तर्गतको अपराध गर्ने षडयन्त्र रचेमा वा सो गर्ने नियतले मानिस, हातहतियार वा खरखजाना जम्मा गरेमा वा सो गर्न दुरुत्साहन दिएमा निजलाई दश वर्षसम्म कैद हुनेछ ।

४. राजद्रोह:

४.१ ⏭...........

४.२ कसैले स्वतन्त्र एवं अविभाज्य नेपाल ⏭........ को सर्वभौमसत्ता वा अखण्डतामा खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय वा यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४.३ कसैले लेखेर वा वचनले वा आकार र चिन्हद्वारा वा अरु कुनै किसिमबाट नेपाल सरकारको काम कारबाहीको उल्लेख गरी निराधार अप्रमाणित कुरा देखाई नेपाल सरकार प्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले नेपाल सरकारको आलोचना गरेकोलाई यो उपदफा अन्तर्गत अपराध गरेको मानिने छैन ।

५. मित्रराष्ट्र प्रति विद्रोह : कसैले नेपाल ⏭...... को भूमिबाट कुनै मित्रराष्ट्रको विरुद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा सात वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

६. जफत हुने : यस ऐन अन्तर्गतको अपराध गर्न जम्मा वा प्रयोग गरेको हातहतियार, खरखजाना वा मालसामान सबै जफत हुनेछ ।

७. मुद्दा हेर्ने अधिकार : यस ऐन अन्तर्गतका मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार χजिल्ला अदालतलाई हुनेछ ।

८. मुद्दाहरु सर्ने : राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत विभिन्न अदालत वा अधिकारी समक्ष दायर भई बाँकी रहेका मुद्दाहरु यो ऐन प्रारम्भ भएपछि सम्बन्धित χजिल्ला अदालतमा सर्नेछन् ।

९. खारेजी : राजकाज (अपराध र सजाय) ऐन, २०१९ खारेज गरिएको छ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

χ न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।

द्रष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।